

# नेपाली कांग्रेस
# नवलपुर क्षेत्र नं. १
# प्रतिनिधी सभा सदस्य निर्वाचन, २०८२
# प्रतिबद्धता पत्र



आदरणीय मतदाता आमाबुवा, दिदीबहिनी एवं दाजुभाइहरु,

सम्पूर्णमा जय नेपाल !

नेपाली कांग्रेसको तर्फबाट, २०८२ फाल्गुण २१ गते हुन गईरहेको प्रतिनिधी सभा सदस्य निर्वाचनलाई लक्षित गरी नवलपुर क्षेत्र नं. १ का जनता समक्ष नवलपुरको समृद्धि र विकासको अठोट सहित यो प्रतिबद्धता-पत्र प्रस्तुत गरेका छौं ।

नेपाली कांग्रेसको नेतृत्वमा २००७ सालको जनक्रान्ति मार्फत नेपालीलाई रैतिबाट नागरिक बनाई प्रारम्भ भएको पुनर्जागरण सहितको राष्ट्र निर्माण अभियान, २०४६ को ऐतिहासिक जनआन्दोलन मार्फत प्रजातन्त्र पुनर्स्थापना, माओवादी द्वन्द्वको शान्तिपूर्ण निकास, २०६२/०६३ को दोस्रो जनआन्दोलन हुँदै नेपालको संबिधान २०७२ निर्माणमा गर्बिलो ईतिहास रचिएको सत्य सबैमा बिदितै छ। यस शिलशिलामा नेपाली लोकतान्त्रिक आन्दोलन देखि जेनजी जनबिद्रोह सहितको आन्दोलनसम्म शाहदत प्राप्त गर्नुहुने विर शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

दिशा बिहिन राजनितिक गन्तब्य, अराजकता अनि लोकप्रियतावादले मुलुकलाई शान्ति र सम्मृद्धि तर्फ अगाडि बढाउन सक्दैन भन्ने निश्कर्षका साथ भ्रष्टाचार, कुशासन, चरम सत्ता लिप्सा, सेवा प्रवाहमा ढिला सुस्ति, नातावाद, कृपावाद, धन र डनको राजनितिक अभ्यासदेखि बिक्षिप्त नेपाली मनबाट सृजित आक्रोश एवं वितृष्णाको परिणाम स्वरुप भाद्र २३, २४ को जेनजी जनबिद्रोह सहितको आन्दोलनबाट पाठ सिक्दै नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन मार्फत निती र नेतृत्व परिवर्तन गरी "**बदल्यौं कांग्रेस, बदल्छौं देश**" भन्ने उद्घोषका साथ आदरणीय मतदाता माझ यो प्रतिवद्धता लिएर आएका छौं ।

## १. कृषि र सिंचाई

"समृद्ध किसान, नवलपुरको शान : आत्मनिर्भर कृषि, काँग्रेसको अभियान"

- कृषिमा आधुनिकीकरण, भण्डारण एवं प्रशोधन, व्यसायीकरण, बजारीकरण साथै कृषी बाली तथा पशु बिमाको नितिगत व्यवस्था मिलाई कृषी उपजको उच्च मुल्य श्रृंखला कायम गरिनेछ ।
- स्वदेशमा रहेका तथा विदेशबाट फर्किएका युवा र शिक्षित जनशक्तिलाई सहुलियत व्याजदरमा ऋणको व्यवस्था, उत्पादनका आधारमा अनुदान र प्रोत्साहन भत्ताको नीतिगत व्यवस्था गरिनेछ ।
- कृषी तथा पशुपंक्षीजन्य उपज : दुध, अण्डा, मह, माछा, मासु, फलफुल, तरकारी, दलहन, तेलहन, धान, मकै, कोदो, फापर आदी खाद्य वस्तु उत्पादनमा स्वनिर्भर बनी निर्यातमा जोड दिईनेछ ।
- पहाडमा रहेका बाँझो जमिन, कालीगण्डकी तटका टारहरु र नवलपुरका समथर जमिनमा लिफ्ट, डिप बोरिङ्, जलाशय निर्माण एवं संरक्षण (ढबाहा, घुमाउरी, पोखरी, टरुवा ताल आदी) एवं साना सिंचाई प्रबिधी समेत प्रयोग गरी पूर्ण सिंचाई सुविधा उपलब्ध गराइनेछ ।
- पहाडी क्षेत्रमा कृषि अनुसन्धान केन्द्र र नवलपुर बेल्टमा पशुपंक्षी अस्पताल स्थापना गर्न पहल गरिनेछ ।

## २. पर्यटन तथा धर्म संस्कृति

"पर्यटन संस्कृतिको वृद्धि : नवलपुरको समृद्धि"

- क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक, जैविक र पुरातात्विक महत्वका स्थानहरुको एकीकृत पूर्वाधार विकास योजना तर्जुमा गरिनेछ ।
- धार्मिक पर्यटन, साहासिक पर्यटकीय खेल, पर्यापर्यटन, जल पर्यटन, सांस्कृतिक पर्यटन र ग्रामिण पर्यटनको सम्वर्धन र संरक्षण गरिनेछ ।

- हिन्दु सनातन धर्मको संरक्षण र सम्वर्द्धन गर्दै विभिन्न जातजाती, धर्म, सम्प्रदाय बिच धार्मिक सहिष्णुता कायम गरिनेछ ।
- कालिगण्डकी एवं नारायणी नदीमा जलमार्ग तथा पहाडी क्षेत्रमा पदमार्ग विकास गरी पर्यटन एवं संस्कृतिको सम्बर्द्धन गरिनेछ।
- गण्डकी प्रदेशको हकमा नवलपुर जिल्लालाई थारु संरक्षित क्षेत्र घोषणा गर्न विशेष पहल गरिनेछ ।

## ३. शिक्षा

"गुणस्तरीय जीवनउपयोगी शिक्षा : नवलपुरवासीको अपेक्षा"

- क्षेत्र भित्र संचालित शैक्षिक संस्थाहरु (विद्यालय, संस्कृत गुरुकुल विद्यापीठ एवं क्याम्पस) को भौतिक पूर्वाधारमा सुधार संगसँगै स्तरोन्नति गरिनेछ ।
- प्राविधिक धारका विषयहरु संचालन गर्न विद्यालय/क्याम्पसहरुलाई प्रोत्साहन साथै स्तरोन्नतिमा जोड दिईनेछ ।
- संचालनमा रहेका सामुदायिक क्याम्पसहरु मध्ये न्यूनतम मापदण्ड पुरा गरेको क्याम्पसलाई आंगिक क्याम्पस बनाउन पहल गरिनेछ ।
- नेपाल विश्वविद्यालयको स्थापना र सञ्चालनमा जोड दिईनेछ ।

## ४. स्वास्थ्य

"सबैका लागि स्वास्थ्य : सुरक्षित भविश्य"

- "स्वास्थ्य विमा, सरकारको जिम्मा" भन्ने प्रतिवद्धता अनुसार सवैको सहभागिता र पहुँच सुनिश्चित गरिनेछ ।
- रजहर सामुदायिक प्राकृतिक चिकित्सालयलाई प्राकृतिक चिकित्सा शिक्षण अस्पतालका रुपमा विकास गर्न पहल गरिनेछ।
- नवलपुरमा रहेको प्रादेशिक अस्पताल, आयुर्वेद अस्पताल र पालिकामा रहेका अस्पतालहरुको स्तरोन्नतिमा जोड दिईनेछ ।
- ट्रमा सेन्टरको निर्माण कार्य समयमा नै सम्पन्न गरी संचालन गर्न जोड दिइनेछ ।

## ५. भूमि एवं मध्यवर्ति क्षेत्र व्यवस्थापन

"सम्मानित जीवनयापन : सुरक्षित बसोबास"

- भूमिहीन, अव्यवस्थित र वन क्षेत्रका बसोबासीलाई पालिका र राष्ट्रिय भूमि आयोगको समन्वयमा जग्गा धनी प्रमाणपूर्जा उपलब्ध गराईनेछ ।
- वन ऐन, राष्ट्रिय निकुञ्ज ऐन र मध्यवर्ती नियमावलीमा रहेका प्रतिबन्धात्मक प्रावधानहरु संशोधन गरी वर्षौं देखि बसोबास गरेका एवं नदी र वनजंगल संग आश्रित समुदाय (विशेष गरी बोटे, माझी, मुसहर) समेतका भूमिहीन नागरिकहरुको सुरक्षित बासस्थानको प्रबन्ध मिलाई सहज जीविकोपार्जनका लागि पहल गरी वन्यजन्तुबाट प्रभावित क्षेत्रमा संरचना निर्माण गरी सुरक्षित रहन सहजीकरण गरिनेछ ।

## ६. उद्योग, वाणिज्य र उद्यमशिलता

"समृद्धिको आधार : उद्योग र व्यापार"

- उत्पादनमूलक क्षेत्रमा लगानी गरी आयत प्रतिस्थापन र निर्यात प्रवर्धन गर्ने उद्योगहरु स्थापना गर्न आवश्यक लगानी प्रवर्धनको लागि नीजि क्षेत्रसँग सहकार्य गरी लगानी सम्मेलन गरिनेछ ।
- नवलपुरमा विशेष आर्थिक क्षेत्र स्थापना गर्न पहल गरिनेछ ।
- कृषि प्रशोधन उद्योग, जडीबुटी उद्योग, घरेलु तथा साना उद्योग, हस्तकला उद्योग, कुटीर उद्योगहरुलाई संरक्षण गर्न विशेष अनुदान एवं छुटको व्यवस्था गरिनेछ ।
- पहाडी क्षेत्रमा अदुवा सुन्तला र जडीबुटी संकलन तथा प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।
- खण्डहर बनेको भृकुटी पेपर एण्ड पल्प मिलले ओगटेको जमिनमा राष्ट्रिय गौरवको आयोजना संचालन गर्न स्थानीय सरकार संगको समन्वयमा संघीय सरकारसँग विशेष पहल गरिनेछ ।

## ७. सडक तथा यातायात

"यातायात पूर्वाधार: पहुँचको आधार"

- उत्तर कालिगण्डकी करिडोर र दक्षिण महेन्द्र राजमार्गसम्म जोड्ने उत्तर-दक्षिणका सडकहरुको स्तरोन्नति गरिनेछ ।

- दिगो र सन्तुलित विकासको अवधारणा अनुसार सडकहरुलाई पैदल यात्रु मैत्री, साइकल मैत्री र अपाङ्गमैत्री बनाइनेछ ।
- हुलाकी राजमार्गको खण्ड अन्तरगत पर्ने नवलपुरको भोषरघाट र चितवनको गोलाघाट जोड्न पहल गरिनेछ ।
- गैंडाकोटदेखि त्रिवेणी जोड्ने नारायणी करिडोर मार्गलाई राष्ट्रिय गौरवको आयोजनामा पार्न पहल गरिनेछ ।

## ८. उर्जा तथा विद्युत

"उर्जा आत्म निर्भरता : समृद्ध नवलपुरको आधार"

- पहाडी क्षेत्रका प्रत्येक वडाहरुमा राष्ट्रिय विद्युत प्रसारण केन्द्रबाट विद्युतीकरण गर्न पहल गरिनेछ ।
- सार्वजनिक नीजि साझेदारी मोडेलमा कालीगण्डकी नदीबाट कम्तीमा ५० मेघावाट विद्युत उत्पादन गर्ने विद्युत आयोजना प्रस्ताव गरिनेछ ।

## ९. संचार तथा प्रविधि

"आधुनिक प्रविधि : सुशासनको विधि"

- सरकारी कार्यालयहरु, वित्तीय संस्थाहरु, विद्यालय र क्याम्पसहरुमा आधुनिक प्रविधिको माध्यमबाट ई-गभर्नेन्स मार्फत सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाई सुशासन कायम गर्न पहल गरिनेछ ।
- संचार गृहहरुको नियमन, व्यवस्थापन र प्रवर्धन गरी साइबर सुरक्षा सम्बन्धि आवश्यक नीतिहरु तर्जुमा गरिनेछ ।

## १०. खानेपानी तथा सरसफाई

"पर्याप्त शुद्ध पिउनपानी : सफा र स्वस्थ हुने बानी"

- क्षेत्र भित्रका सम्पूर्ण उपभोक्ताहरुको शुद्ध पिउने पानीको सहज एवं सर्वसुलभ पहुँचको अधिकार सुनिश्चित गराईनेछ ।
- पालिकाहरु बिच समन्वय गराई सार्वजनिक निजी साझेदारीमा फोहोर मैला व्यवस्थापन तथा प्रशोधन प्लान्टको स्थापनामा पहल गरिनेछ ।

## ११. सामाजिक सुरक्षा र समावेशिता

"महिला, आदिवासी/जनजाति र दलितको पहिचान : समावेशिता र सम्मान"

- समाजमा महिला, बालबालिका, आदिवासी र दलित प्रति गरिने सबै किसिमका विभेद, हिंसा र दुर्व्यवहारहरुको अन्त्यका लागि अभियान संचालन गरिनेछ ।
- यस क्षेत्रका प्रत्येक पालिकामा ज्येष्ठ नागरिक मनोरञ्जन खुशियाली केन्द्र (Happiness Center) स्थापित गर्न नीतिगत व्यवस्थाका लागि पहल गरिनेछ ।
- राष्ट्रको नीति निर्माण तहमा सिमान्तकृत, पछाडि परेको वर्ग र समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न पहल गरिनेछ।
- पालिका स्तरमा महिला मैत्री, बालबालिका मैत्री, ज्येष्ठ नागरिक मैत्री र अपाङ्ग मैत्री स्थानीय शासन लागु गर्न सहजीकरण गरिनेछ ।
- शिक्षा, स्वास्थ्य, सूचना/संचार, खाद्यान्न, सार्वजनिक यातायात, सुरक्षित बसोबास लगायतमा ज्येष्ठ नागरिक, विशेष क्षमता भएका व्यक्ति, एकल महिला, शहिद/वेपत्ता परिवार, द्वन्द्व पीडित, आन्दोलनका घाइते, प्रजातन्त्रका सेनानीहरुलाई सामाजिक सुरक्षा कार्डको व्यवस्थाका लागि पहल गरिनेछ ।

## १२. युवा, खेलकुद र रोजगारी

"युवा विकासमा नेपाल सरकार : समृद्धिका लागि व्यवसायिकता र रोजगार"

- युवा उद्यम तथा रोजगार कोषको व्यवस्था गर्न नीतिगत पैरवी गरिनेछ ।
- रिटर्नी युवाले संचालन गरेका पेशा,व्यवसाय,फर्म वा उद्योगहरुलाई विशेष अनुदानको व्यवस्था गरी संरक्षण संवर्धन गरिनेछ।
- एक वडा एक खेल मैदान, एक पालिका एक रंगशाला, एक क्षेत्र एक क्षेत्रीय रंगशालाको अवधारणालाई नितिगत पैरवी गरिनेछ ।
- विपि अन्तराष्ट्रिय खेलग्राम निर्माण कार्य शुरुवात गराई सम्पन्न गराउने तर्फ जोड दिईनेछ ।
- राज्यको नीति निर्माण तहमा युवाहरुको प्रतिनिधित्वलाई अनिवार्य गराउन पहल गरिनेछ ।
- लागु पदार्थ दुर्व्यसन, यौन हिंसा र डिप्रेसनको प्रभावबाट युवाहरुलाई जोगाउन वार्ड-वार्डमा मनोसामाजिक परामर्श केन्द्र स्थापना गर्न नितिगत पहल गरिनेछ ।

## १३. वन तथा वातावरण

"दिगो वन व्यवस्थापन : वातावरण सन्तुलन"

- वनको वैज्ञानिक व्यवस्थापन मार्फत औद्योगिक प्रयोजन र उद्यमशिलता मार्फत गरीबी निवारण र पर्यटन विकाससँग आवद्ध गराउन पहल गरिनेछ ।
- जैविक विविधताको संरक्षण र जलवायु परिवर्तनको व्यवस्थापनमा विशेष जोड दिइनेछ ।
- एक वन क्षेत्र : एक हरित मनोरञ्जन पार्क विकासका लागि पहल गरिनेछ ।

## १४. विपद व्यवस्थापन

"विपद व्यवस्थापन : सुरक्षित जीवन"

- प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका वस्तीहरुको पहिचान गरी तिनीहरुको संरक्षण वा स्थानान्तरण गर्न पहल गरिनेछ।
- विपदबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न आवश्यक प्रतिकार्यलाई शिघ्र, प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

## १५. सुशासन र सामाजिक न्याय

"सिंहदरबारको अधिकार गाँउ गाउँमा : सार्वजनिक सेवा घरघरमा"

- भ्रष्टाचार र अनियमितता सम्वन्धि सूचना दिने व्यक्ति र साक्षीलाई संरक्षणको व्यवस्था मिलाई भ्रष्टाचारीलाई कडा भन्दा कडा कारबाही हुने कानुनी व्यवस्थाका लागि नितिगत पैरवी गरिनेछ ।
- पारदर्शी, उत्तरदायी, जनमुखी र कानुन सम्मत सार्वजनिक सेवा प्रवाहको व्यवस्था गर्न पहल गरिनेछ ।

## १६. विविध

- विविध जाति, जनजातिको धर्म, भाषा, साहित्य, कला, भेषभुषा र संस्कृतिको जगेर्ना गरिनेछ ।
- मानव संसाधनको विकास मार्फत उत्पादित दक्ष जनशक्तिलाई आर्थिक वृद्धिको लागि उपयोग गरिने छ ।
- सहकारी क्षेत्रको वित्तीय पहुँचलाई विस्तार र व्यवस्थापन गरी ग्रामिण गरीवी निवारणमा टेवा पुऱ्याइनेछ ।
- शहरी क्षेत्र भित्र स्मार्टसिटी, स्मार्टलाइट,स्मार्ट ट्रान्सपोर्ट, हरित सडक, तारमुक्त शहरको अवधारणालाई अगाडि बढाइनेछ।
- पहाडी क्षेत्रमा सरकारी सेवाको पहुँच वृद्धि गर्न ईलाका प्रशासन कार्यालय स्थापनाको लागि पहल गरिनेछ ।
- नमुना नवलपुर जिल्ला सदरमुकाम निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाई सम्पन्न गराउन विशेष पहल गरिनेछ।
- चुनावको सन्दर्भमा प्रतिस्पर्धामा रहनु भएका राजनैतिक दलका वा स्वतन्त्र उम्मेदवारहरु कसैसँग पनि नेपाली काँग्रेसका उम्मेदवारको कुनै किसिमको वैरभाव रहँदैन, मित्रवत प्रतिस्पर्धा गरिनेछ ।

आसन्न फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा "रुख" चुनाव चिन्हमा भोट हाली नेपाली कांग्रेसका शैक्षिक, बौद्धिक, सामाजिक, विकासप्रेमी, युवा उम्मेदवार **श्री बालकृष्ण घिमिरे** र समानुपातिक उम्मेद्वार **श्री संगिता काफ्ले घिमिरे** लाई अत्याधिक मतले विजयी बनाऔं ।


'बदल्यौं कांग्रेस, बदल्नुछ देश'
'सुखमा अनि दुखमा : भोट हालौं रुखमा'



संगिता काफ्ले घिमिरे
समानुपातिक उमेद्वार



बालकृष्ण घिमिरे
प्रत्यक्ष उमेद्वार



जय नेपाल !
नेपाली कांग्रेस
चुनाव प्रचार प्रसार समिति
नवलपुर, क्षेत्र नं. १